# हरिवन नगरपालिकाको दोस्रो नगर सभामा
# नगर उपप्रमुख श्री रेणुकाकुमारी पौडेलज्यूद्वारा प्रस्तुत आर्थिक बर्ष ०७५।०७६ को आय तथा व्ययको विवरण

हरिवन नगरपालिकाको दोस्रो नगर सभाका सभाध्यक्षज्यू,

सभाका सदस्यज्यूहरु ।

हरिवन नगरपालिकाको उपप्रमुखको हैसियतले यस नगरपालिकाको दोस्रो नगर सभा समक्ष चालू आर्थिक वर्ष २०७४।७५ को समीक्षा तथा आगामी आर्थिक वर्ष २०७५।०७६ को अनुमानित आय तथा व्ययको विवरण प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु ।

यस अवसरमा नेपालको राजनीतिक परिर्वतनका लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात सहीदहरुप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहन्छु । राष्ट्रियता, लोकतन्त्र, स्वाधिनता, सामाजिक न्याय, समानता र समृद्धिको लागि संघर्ष गर्नुहुने महान नेपाली नागरिक र त्यसको सवल नेतृत्व गर्नुहुने नेपाली राजनीतिका शिखर व्यक्तित्वहरु प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

संविधान कार्यान्वयनका क्रममा तीनै तहका निर्वाचन सम्पन्न भएपछि देश अब राजनीतिक संक्रमणबाट क्रमशः आर्थिक समृद्धितर्फ उन्मुख भएको सन्दर्भमा हरिवन नगरको समग्र विकास र सम्बृद्धिका लागि गत बर्ष पेश भएको नीति, कार्यक्रम तथा विनियोजित बजेटको समीक्षा गर्दै आगामी आ.ब. ०७५।७६ को लागि प्रस्तावित बजेट दोस्रो नगर सभाबाट पारित गरी सुशासन र समृद्धिको यात्रा तय गर्ने क्रममा हामी छौं ।

'मालिक होइन, सेवक हौ' भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी संयन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई हामीले आफ्नो मार्गदर्शनका रूपमा ग्रहण गरेका छौं । आर्थिक वर्ष २०७५/२०७६ को नीति तथा कार्यक्रमको लक्ष्य "समृद्ध नगर : खुशी नगरबासी" रहेको छ । यस नीति तथा कार्यक्रम संघीयताको कार्यान्वयनसँगै सिँहदरबारको अधिकार जनताको बीचमा पुऱ्याउन कोशेढुङ्गा सावित हुने अपेक्षा गरेको छु। अब म चालू आर्थिक वर्षमा सम्पादन भएका महत्वपूर्ण क्रियाकलापहरूलाई बुँदागत रूपमा पेश गर्ने अनुमति चाहन्छु ।

(क) नगरपालिकाबाट आर्थिक वर्ष २०७४/७५ का लागि ४७ करोड ८३ लाखको बजेट सार्वजनिक गरिएकोमा आर्थिक वर्षको अन्तसम्म ९८% कार्यान्वयन हुने देखिएको छ ।

(ख) नगरका सबै बाटोलाई व्यवस्थित र उच्चस्तरको गराउने योजनाअनुसार चालू आर्थिक वर्षमा ४ कि.मी बाटो कालोपत्रे गर्ने कार्य सम्पन्न हुँदैछ । यसका लागि ४ करोड रूपैंयाँ खर्च भएको छ । यसै गरी सडक मर्मत सम्भार अन्तर्गत रू. २ करोड ९० लाख को लागतमा ३९ कि.मी. बाटो ग्रेभल भएको छ ।

(ग) बजार व्यवस्थापनको लागि नगर विकास कोष, अन्य विकास साझेदार र व्यवसायीहरूसँगको सहकार्यमा हरिवन ११ मा सुविधासम्पन्न व्यापारिक भवन निर्माणको कार्य श्रावण महिनामा शुरू हुने भएको छ ।

(घ) वडा नं. ६ घुर्क्यौलीमा विद्यालयको भवन निर्माण भएको छ । वडा नं १० मा खोप केन्द्र र वडा नं ३ मा महिला सामुदायिक भवनको निर्माण कार्य सम्पन्न भएको छ । यसै गरी विभिन्न प्रयोजनका लागि निर्माण गरिएका भवनहरूको मर्मत सम्भारका कार्यहरू सम्पन्न भएका छन् ।

(ङ) सार्वजनिक सेवा प्रवाह र सुशासन : पाँच वटा वडा कार्यालयहरू बाट सम्पादन हुने कामहरू तत्-तत् वडा कार्यालयहरूबाट नै सम्पादन हुने व्यवस्था मिलाइएको छ । अन्य वडाहरूको काम पनि सम्वन्धित वडा कार्यालयबाटै सम्पन्न हुने गरी काम अघि बढिरहेको छ । अन्य केही वडा कार्यालय तथा स्वास्थ्य चौकी निर्माणका लागि समाजसेवीहरूबाट जग्गासमेत प्राप्त भएको छ । सबै वडा कार्यालयहरूमा ईन्टरनेट जडान भैसकेको छ । कार्यालयमा विद्युतीय हाजिरी मेसिन जडान गरी संचालनमा ल्याइनुका साथै कार्यालय परिसरमा सिसी क्यामरा जडान गरिएको छ ।

(च) सार्वजनिक हानी नोक्सानी नहुने तर प्रचलित मापदण्ड पूरा गर्न नसकेर नक्सापास, नक्सा नियमित गर्ने लगायतका कामहरू थाँती रही समस्यामूलक बनेका स्थानीय जनताका समस्याहरू स्थलगत अनुगमन गरी समस्याको हल गर्ने परिपाटीको सुरूवात गरिएको छ ।

(छ) विपद् प्रकोप राहत स्थापना तथा वितरण : विपद् पीडितहरूको राहत तथा उद्धारमा सहयोग पुर्याउन विनियोजित रकमबाट पीडित परिवार लाभान्वित भएका छन् । सो शीर्षकबाट असार १५ सम्म रू. ३,१२,०४६।- भुक्तानी भई रू. १,३७,९५४ बैंक मौज्दात रहेको छ ।

(ज) नक्सा अनुरूप जग्गा छुट्याउने कार्य जारी रहेको छ । विभिन्न वडाहरूमा सार्वजनिक जग्गाको लगत संकलन भईरहेको छ ।

(झ) नगरभित्रका अव्यवस्थित, सुकुम्बासी तथा भूमिहीन नागरिकको तथ्यांक संकलन कार्य सबै वडाहरूमा भैरहेको छ । यस्तै, नगरको जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैङ्गिक सशक्तिकरण सूचकांक, सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति भवन, सडक, पसल, व्यवसायको विवरण सहितको तथ्यांक अभिलेख अद्यावद्यिक गर्नको लागि तथ्याँक प्रविष्टि (डाटा ईन्ट्री) को काम भैरहको छ ।

(ञ) 'प्लाष्टिक झोलामुक्त नगर : हामी सबैको एउटै रहर' भन्ने अभियानका साथ २०७५ श्रावण १ गतेबाट प्लाष्टिक झोला निषेध गर्ने अभियान सञ्चालन गरिएको छ ।

(ट) सामुदायिक विद्यालय सुधार आयोजना अन्तर्गत शिक्षाको गुणस्तर सुधारका लागि तालिम तथा क्षमता विकासको कार्यक्रम चलिरहेको छ । आगामी असार मसान्तसम्म प्रत्येक सामुदायिक विद्यालयमा वाल विकास केन्द्र सञ्चालन हुने गरी कार्यक्रम अगाडि बढाईएको छ । आगामी शैक्षिक सत्रभित्र नगर शिक्षा नीति बनाउने लक्ष्य छ ।

(ठ) शिक्षा, सहकारी, स्वास्थ्य, महिला विकास लगायतका विषयगत शाखा स्थापना भई विषयगत रूपमा कार्यसम्पादन भैरहेका छन् । सहकारी दर्ता र नियमनको काम नगरपालिकाबाट सुरू गरिएको छ ।

(ड) नगरपालिकाले स्थानीय कानुन निर्माण गरेको छ । पहिलो नगरसभाबाट पारित विभिन्न ऐन, नियमावली, निर्देशिका, कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित गरेको छु। नगरपालिकाबाट हालसम्म विभिन्न १२ वटा ऐन, नियम, नियमावली, निर्देशिका, कार्यविधि निर्माण भैसकेका छन् भने ९ वटा निर्माणको क्रममा छन् ।

(ढ) प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी न्यायिक समितिले स्थानीय न्याय सम्पादनको काम प्रारम्भ गरेको छ । न्यायिक समितिको सचिवालयको स्थापना, न्याय सम्पादनका कार्यविधिहरूको प्रकाशन लगायतका कामहरू सम्पन्न हुने क्रममा छन् । सानातिना विवादको निरूपण स्थानीय तहबाटै हुने समाधान प्रणाली बसिसकेको छ । जेठ १६ गतेसम्म न्यायिक समितिमा आएका १७४ वटा निवेदनहरूमध्ये ११४ वटा फछ्र्योट भएका छन् । १ वटा अन्य निकायमा पठाइएको छ । ५९ वटा निवेदन छलफलको क्रममा रहेका छन् ।

(ञ) कृषि, उद्योग, वाणिज्य, विज्ञान तथा प्रविधि र सांस्कृतिक क्षेत्रमा सहयोग आदान प्रदान गर्नुका साथै अन्तर्राष्ट्रिय शहरहरूसँगको सम्बन्ध विस्तार गरी नगरपालिकाको पहिचान स्थापित गर्ने उद्देश्यले विभिन्न शहरहरूसँग नेपाल सरकारको स्वीकृती लिई भगिनी सम्बन्ध राख्नको लागि आवश्यक गृहकार्य भैरहेको छ ।

(त) प्रधानमन्त्री कृषि आधुनिकीकरण योजना अन्तर्गत विगत वर्षदेखि सञ्चालित ३ वटा पकेट क्षेत्र निर्धारण कार्यक्रम सम्पन्न भएका छन् । विभिन्न स्थानमा २ वटा नयाँ पकेट क्षेत्र कार्यक्रम शुरू भएका छन् । यसै गरी बेमौसमी सामूहिक तरकारी खेतीलाई प्रोत्साहन गर्नका लागि वडा नं १० र ११ मा ग्रीन हाउस निर्माण गरी टनेलमा आधारित खेती सञ्चालनमा आईसकेको छ ।

(थ) ऐतिहासिक रूपमा प्रथम मेयर कप फुटबल प्रतियोगिता सम्पन्न भएको छ ।

(द) हरिवन नगरपालिका खुला दिशामुक्त क्षेत्र घोषणा भएको सन्दर्भमा सरसफाई अभियान सञ्चालनका साथै घुम्ती शौचालय निर्माणको कार्य सम्पन्न भई प्रयोगमा आउने क्रममा छ ।

(ध) बहुक्षेत्रीय पोषण अन्तर्गत गर्भवती तथा सुत्केरी महिला, प्रजनन् उमेर पूरा भएका किशोरीहरू र वालवालिका लक्षित कार्यक्रमहरू सञ्चालन भएका छन् । प्रोटिन पाउडर, झुल,

क्याल्सियम चक्कीका साथै सामुदायिक विद्यालयमा विद्यार्थीहरूको स्वास्थ्य परीक्षण र छात्राहरूलाई स्यानेटरी प्याड बितरण गरिएको छ ।

(न) हरिवन १० मा विभिन्न प्रयोजनका सभा, समारोह, सेमिनार तथा ईन्डोर खेल खेल्ने प्रयोजनको लागि बहुउपयोगी भवन निर्माण कार्य असार मसान्तसम्म सम्पन्न हुनेछ ।

(प) नगरपालिका अन्तर्गतका नदी तथा खोलाहरूबाट हुने नदीजन्य पैदावारको अनियमितता तथा चोरी निकासी नियन्त्रणका लागि विशेष पहलका कामहरू भैरहेका छन् ।

(फ) व्यवस्थित सहरीकरण र कृषिजन्य जमीनको उत्पादनशील रूपले उपयोग गर्न जमीनको खण्डिकरणमा रोक लगाईएको छ । मापदण्डबमोजिम शहरी क्षेत्रमा ७ धूर र ग्रामीण क्षेत्रमा १० धूरभन्दा कम क्षेत्रफलको जग्गामा कित्ताकाटमा रोक लगाईएको छ ।

(ब) जथाभावी जग्गा प्लटिङमा रोक तथा भवन तथा सडकको नयाँ मापदण्ड : जग्गा विकास तथा प्लटिङ सम्बन्धी मापदण्ड, २०७५ जारी गरी नगरपालिकाको पूर्व-स्वीकृतिविना जग्गा प्लटिङमा रोक लगाइनुका साथै भवन निर्माण मापदण्ड कार्यान्वयनमा ल्याइएको छ ।

(भ) नगरपालिका क्षेत्रभित्रको विभिन्न स्थानको गरी ४५ कि.मी बाटो र ५ वटा पक्की पुलको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारिएको छ । शीत भण्डार निर्माणका लागि सम्भाव्यता अध्ययनको कार्य अन्तिम चरणमा छ ।

(म) व्यवसायीलाई करको दायरामा ल्याउन कर अभियान सञ्चालन : सबै प्रकारका व्यवसायलाई करको दायरामा ल्याउनुका साथै तिनीहरूको तथ्यांक अद्यावधिक राख्न वडा-वडामा पुगेरै व्यवसाय दर्ताको अभियान सञ्चालन गरिएकोमा जेठ मसान्तसम्म झण्डै ५५३ व्यवसाय दर्ता भएका छन् । त्यसबापत नगरपालिकालाई झण्डै १२ लाख राजस्व संकलन भएको छ । यसै गरी हरिवन, चापिनी लगायतका खोलाहरूको वातावरणीय प्रभाव मूल्यांकन सम्पन्न भईसकेको छ ।

(य) एकीकृत सम्पत्ति करको तयारी : एकीकृत सम्पत्ति कर लागू गरिएको छ ।

(र) नगरपालिकाले आफ्नै स्रोतबाट निर्माण हुन नसक्ने हरिवन नगरपालिकाको चक्रपथ, हरिवन क्यानेश्वर सडक, शीत भण्डार निर्माणलगायतका ठूला आयोजना निर्माणका लागि संघीय र प्रदेश सरकारलाई आग्रह गरेको छु। यस्तै विभिन्न स्थानमा प्रहरी चौकी राख्न गृह मन्त्रालय लगायत सम्वन्धित निकायहरूलाई अनुरोध गरिएको छ ।

(ल) नगरपालिकाका विभिन्न वडाका अध्यक्षज्यूहरूसमेतको टोलीले बुटवल, पोखरा लेखनाथ, म्याग्दी, कुश्मा लगायतका नगरपालिकाहरूको अध्ययन तथा अवलोकन भ्रमण गर्नुभएको छ । यसै नगरपालिकाका १० जना कर्मचारीहरूले पनि रामेछाप, सिन्धुली, दोलखाका विभिन्न स्थानीय तहका राम्रा अभ्यासहरूको अवलोकनका लागि भ्रमण गर्नुभएको छ ।

(व) सूचना प्रविधिको महत्तम उपयोग गरी सार्वजनिक सेवा र निर्माणका कार्यहरूलाई पारदर्शी, पहुँचयोग्य र प्रभावकारी बनाउनका लागि कार्यालयमा डिजिटल नागरिक बडापत्र, मोवाईल एप, आधिकारिक वेभसाईट, डिजिटल बोर्ड, अडियो नोटिस बोर्ड सर्भिस शुरू गरिएको छ ।

१। अब म आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्वन गरिएका प्रमुख नीति तथा आधारहरू यस प्रकार प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२। आगामी आर्थिक वर्षको वजेटको समग्र आधारहरूका रूपमा संविधानप्रदत्त मौलिक हकहरू तथा राज्यका निर्देशक सिद्दान्त र नीतिहरू, संघीय एवं प्रदेश सरकारका नीति, कार्यक्रम र बजेट, दीगो विकासका लक्ष्यहरूलगायत चालू आवधिक योजनाका लक्ष्य तथा उद्देश्यहरू रहेका छन् ।

३। कार्यक्रम तथा बजेट तर्जुमा गर्दा उपलब्ध स्रोत र आयको अनुमानित आकार, जनताका माग,आवश्यकता र अपेक्षाहरूलाई वस्ती एवं वडास्तरबाट संकलन र प्राथमिकीकरण गरी तयार पारिएको विवरणलाई आधार मानिएको छ । त्यस्तै चालू आ.व. को नीति,कार्यक्रमतथा बजेटको समीक्षाका आधारमाआगामी वजेटको कार्यदिशा तय गरेको छु । यसबाहेक विकासका सरोकारवालाहरूसँगको छलफल तथा अन्त्ररक्रियाबाट प्राप्त निश्कर्ष, विज्ञहरूबाट प्राप्त रचनात्मक सुझावका साथै विभिन्न निकायका प्रतिवेदनहरू अन्य स्थानीय तहले तयार गरेका नमूना नीति,कार्यक्रम तथा बजेलाई समेत आधारका रूपमा लिइएको छ । त्यस्तै वजेटका आधारभूत तत्वका रूपमा प्रशासनिक क्षमता वृद्धि, जनसहभागिता प्रवर्द्धन, समावेसिता, विकेन्द्रीकरण,मानब अधिकार र विकास, वातावरणीय सन्तुलन, सुशासन, गरिवी निवारण, शान्ति र समृद्दिमा जोड दिने गरी कार्यक्रम तथा बजेट निर्धाण गरिएको छ ।

सभाध्यक्ष महोदय,

४। अब म आगामी आर्थिक वर्ष २०७५।७६ को बजेटका उद्देश्य तथा प्राथमिकताहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु । आगामी आर्थिक वर्ष २०७५।७६ को बजेट निम्न उद्देश्य तथा प्राथमिकताहरू पुरा गर्ने गरी निर्धारण गरिएको छ ।

(क) नागरिकका मौलिक हकको रुपमा रहेका न्यूनतम आधारभूत आवश्यकताहरु परिपूर्ति गर्ने ।

(ख) साधन (स्रोत, अवसर र क्षमताको विकास तथा उच्चतम उपयोग गरी समृद्ध नगर बनाउने ।

(ग) आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी समुन्नत र सुदृढ नगर बनाई राष्ट्रिय विकासमा टेवा पुर्‍याउने ।

(घ) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न योजनाहरूमा लगानी सुरक्षित गर्ने ।

(ङ) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढाउने ।

(च) स्थानीय जनसहभागिता जुटाउने, स्वयमसेवा परिचालन गर्ने ।

(छ) महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ उपलब्ध गराउने ।

(ज) दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धनमा सघाउ पुऱ्याउने ।

५। प्रस्तुत बजेटले राखेका उद्देश्यहरु हासिल गर्न र प्राथमिकता कार्यान्वयन गर्न संघ र प्रदेश सरकारसँग समन्वय र साझेदारी गरिनेछ । विनियोजन हुने बजेट र वार्षिक कार्यक्रमलाई बजेटका

प्राथमिकता र उद्देश्यसँग तादात्म्यता कायम गर्ने प्रयास गरेको छु । उपलब्ध पूँजी, सीप र क्षमताको प्रभावकारी उपयोग गर्ने सहकारी र निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

आदरणीय नगर प्रमुखज्यू,
नगर सभाका सदस्यज्यूहरु,
अब म नगरको आ.व. २०७५।७६ को विषयगत क्षेत्र तथा कुल आय र व्ययको अनुमानित विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

६। आ.व २०७५।७६ को कुल व्यय रू. ५५ करोड ७४ लाख ५४ हजार ५ सय  विनियोजन गरेको छु। चालू खर्च तर्फ रू. ३७ करोड १ लाख ९ हजार ५ सय र पूँजीगत तर्फ रु १८ करोड ७३ लाख ४५ हजार विनियोजन गरेको छु। व्यय अनुमान गरेको मध्ये ७ करोड सामाजिक सुरक्षा र रु १५ करोड ९१ लाख केन्द्र र प्रदेशको सशर्त अनुदानको रकम रहेको छ ।

अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

७। आर्थिक विकासः नगरको कृषि तथा सहकारी, पर्यटन, पशु र उद्योग क्षेत्रको विकास मार्फत आर्थिक विकास गरी मुलुककै समृद्ध नगर बनाई राष्ट्रिय अर्थतन्त्रमा समेत योगदान दिन यस क्षेत्रमा रु ९६ लाख ११ हजार विनियोजन गरेको छु ।

८। पूर्वाधार तथा शहरी विकासः यस नगरको पहिचान दिन र दीगो विकासलाई सुनिश्चित गर्न यस आ.व. देखि नगरमा गौरबका योजना तथा नगरस्तरीय योजनाहरु छनौट गरेको छु। साथै केन्द्रीय समपुरक अनुदान माग गर्न समपुरक तथा साझेदारी कोष समेत खडा गरेको छु। यस क्षेत्रको लागि रु १७ करोड १० लाख ३८ हजार विनीयोजन गरेको छु ।

९। वातावरण तथा विपद् व्यवस्थापनः जैविक विविधता, प्राकृतिक सौन्दर्यता र स्वच्छ वातावरण प्रवर्द्धन गर्न सरसफाई, पार्क निर्माण, फोहरमैला व्यवस्थापन, ढल ढकनी लगायतका क्षेत्रमा रु १ करोड १४ लाख ७५ हजार विनियोजन गरेको छु ।

१०। संस्थागत विकास तथा सेवा प्रवाहः उच्च मनोवलयुक्तउत्प्रेरित र दक्ष जनशक्तिबाट प्रभावकारी सेवा प्रवाहका लागि कर्मचारी क्षमता अभिबृद्धि गर्न, नगरको संगठन र संस्थागत विकास गरी सुदृढ प्रशासन कायम गर्न यस क्षेत्रमा रू १५ लाख विनियोजन गरेको छु ।

११। सामाजिक विकासः शिक्षा, स्वास्थ्य, बालबालिका,दलित र अपाङ्गता भएका व्यक्तिहरूको हित लगायतका सामाजिक क्षेत्रमा पछाडि पारेका जातजातिको विकास तथा सवलीकरण गर्ने गरी यस क्षेत्रमा रु २५ करोड ४३ हजार विनियोजन गरेको छु ।

१२। कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चतर्फ रू ११ करोड ३७ लाख ८७ हजार विनियोजन गरेको छु ।

सभा अध्यक्षज्यू एवं नगरसभाका सदस्यज्यूहरू

१३। चालू आर्थिक बर्षको हालसम्मको आय व्ययको यथार्थ विवरण (नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरूबाट भएका आयोजनागत विनियोजन एवं संशोधन समेत), आयव्ययको संशोधित

अनुमान, आगामी आर्थिक बर्षको विषय क्षेत्रगत, शीर्षकगत र आयोजनागत बजेटको अनुमानित विवरण सभामा छलफल र पारितको लागि पेश गरेको छु । यी सबै विवरण समेटिएको बार्षिक योजना पुस्तिका मार्फत छिट्टै सार्वजनिक गरिने छ ।

१४।आर्थिक ऐन र विनियोजन ऐनका विधेयकहरू यसैसाथ अनुमोदनका लागि पेश गरेको छु ।

**अन्त्यमा,**

प्रस्तुत आ.व. २०७५।७६ को बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्षरूपमा सहयोग पुऱ्याउनु हुने नगरप्रमुखज्यू, कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, निजी क्षेत्र लगायत नगरबासी दाजुभाई तथा दिदीबहिनीहरु एवम् अहोरात्र खटिने प्रमुख प्रशासकीय अधिकृत र अन्य राष्ट्रसेवक कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद् ।

रेणुका कुमारी पौडेल
उपप्रमुख
हरिवन नगरपालिका